# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) राप्ती उपत्यका (देउखुरी), नेपाल, असार ०१ गते, २०८२ साल (अतिरिक्ताङ्क २

# भाग २

## लुम्बिनी प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

## राप्ती उपत्यका (देउखुरी), नेपालको

## सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८२।०३।०१ मा स्वीकृत भएको "प्रदेश सामयिक कर असुली ऐन, २०८२ बमोजिम जारी भएको सूचित आदेश" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# प्रदेश सामयिक कर असुली ऐन, २०८२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी

## लुम्बिनी प्रदेश सरकारले जारी गरेको सूचित आदेश

प्रदेश सामयिक कर असुली ऐन, २०८२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो आदेश जारी गरेको छः-

१. **प्रारम्भः** यो आदेशको दफा २ र ३ तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्राइभेट तथा साझेदारी फर्म र पर्यटन व्यवसाय सम्बन्धी विशेष व्यवस्थाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७९/८० सम्म वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरी सञ्चालनमा रहेका वा दर्ता भई सञ्चालनमा नरहेका प्रचलित कानुन बमोजिम सञ्चालन अनुमति लिनुपर्ने बाहेकका प्राइभेट तथा साझेदारी फर्मले संवत् २०८२ साल पुस मसान्तभित्र विवरणसहित नवीकरण वा दर्ता खारेज गर्न चाहेमा नियमानुसार लाग्ने नवीकरण शुल्क र जरिबाना रकमको पच्चिस प्रतिशतले हुन आउने रकम दाखिला गरेमा नवीकरण वा दर्ता खारेज गरिनेछ।

(२) लघु, घरेलु तथा साना उद्योगको रूपमा दर्ता हुने उद्योगहरूलाई प्रचलित कानुन बमोजिम लाग्ने दर्ता शुल्कको पचास प्रतिशत छुट दिई दर्ता गरिनेछ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशमा नवीकरण नभएका पर्यटन व्यवसाय तथा पर्यटन पथप्रदर्शकले त्यस्तो व्यवसाय नवीकरणको लागि संवत् २०८२ पुस मसान्तसम्म निवेदन दिएमा अनुसुची-५ बमोजिमको नवीकरण शुल्क र जरिबानाको पचास प्रतिशत रकम दाखिला गरेमा नवीकरण गर्न सकिनेछ।

(४) प्रचलित कानुन बमोजिम इजाजतपत्र लिई सञ्चालनमा रहेका पर्यटनसँग सम्बन्धित शाखा कार्यालयको नवीकरण गर्दा दर्ता सरहको दस्तुर लिनु पर्नेछ।

३. **वन पैदावार तथा वनक्षेत्रको नदीजन्य पदार्थको शुल्क लगाउने र बाँडफाँटसम्बन्धी विशेष व्यवस्थाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएका प्रदेशका सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट कटान सङ्कलन भई बिक्रीवितरण हुने काठदाउराको बिक्रीबाट उपभोक्ता समूहको कोषमा प्राप्त हुने आम्दानीमा देहाय बमोजिम सेवा शुल्क बापतको रकम सामुदायिक वन उपभोक्ता समूहले मासिक रूपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछः-

(क) समूहको आफ्ना सदस्यहरूबाट प्राप्त आम्दानीमा पाँच प्रतिशत,

(ख) समूह बाहिरबाट प्राप्त आम्दानीमा पच्चिस प्रतिशत।

(२) साझेदारी वन उपभोक्ता समूहको स्वीकृत कार्ययोजना बमोजिम वन क्षेत्रबाट सङ्कलन तथा उत्पादन भई डिभिजन वन कार्यालयलाई प्राप्त हुने काठ दाउराको बिक्रीबाट प्राप्त रकम र चक्ला वन व्यवस्थापनबाट उत्पादन भएको काठदाउराको बिक्रीबाट प्राप्त रकम डिभिजन वन कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(३) प्रदेशका सबै प्रकारका राष्ट्रिय वन क्षेत्रबाट सङ्कलन भई बिक्रीवितरण हुने जडीबुटी तथा गैर काष्ठ वन पैदावारमा प्रचलित कानुनमा तोकिएको मूल्यदर बमोजिमको रकम डिभिजन वन कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(४) राष्ट्रिय वन क्षेत्रमध्ये प्रदेशका सामुदायिक तथा साझेदारी वनक्षेत्रमा रहेका खोलाखोल्सीको व्यवस्थापन गर्दा प्रचलित कानुन बमोजिम उत्पादन तथा सङ्कलन हुने नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त हुने शुल्कमध्ये दश प्रतिशतले हुन आउने रकम सम्बन्धित डिभिजन वन कार्यालयले वन उपभोक्ता समूहको खातामा जम्मा गर्नुपर्नेछ र बाँकी रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी सोको पच्चिस प्रतिशत स्थानीय तहको सञ्चित कोषमा र पचहत्तर प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम सङ्कलन तथा बाँडफाँट भएको शुल्कको एकीकृत विवरण सम्बन्धित डिभिजन वन कार्यालयले तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयमा मासिक रूपमा पठाउनु पर्नेछ।

## अनुसूची-५

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

<u>पर्यटन व्यवसाय दर्ता शुल्क, नवीकरण शुल्क तथा पर्यटकीय स्थल प्रवेश शुल्क</u>

१. <u>पर्यटन व्यवसाय दर्ता तथा नवीकरण शुल्कः</u>

(क) पर्यटकस्तरको होटेल, आवास, लज, रेष्टुराँ तथा रिसोर्ट, पव वा बार दर्ता तथा नवीकरण शुल्कः-

| सि. नं. | होटेलको किसिम | दर्ता शुल्क रु. | नवीकरण शुल्क रु. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | म्यादभित्र | म्याद नाघेको जरिबाना | | | |
| | | | | पहिलो तीन महिना सम्म | तीन महिना देखि छ महिना सम्म | छ महिना देखि नौ महिना सम्म | नौ महिनादेखि एक वर्षसम्म |
| १. | साधारण होटेल | ५०००/- | ५०००/- | नलाग्ने | २५% | ५०% | ७५% |
| २. | पर्यटक आवास (साधारण) वा एक तारे होटेल | १००००/- | १००००/- | नलाग्ने | २५% | ५०% | ७५% |
| ३. | दुई तारे होटेल | २००००/- | २००००/- | नलाग्ने | २५% | ५०% | ७५% |
| ४. | तीन तारे होटेल | ३००००/- | ३००००/- | नलाग्ने | २५% | ५०% | ७५% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | पर्यटक आवास (डिलक्स) | ४००००/- | ४००००/- | नलाग्ने | २५% | ५०% | ७५% |
| ६. | लज, रेष्टुराँ तथा रिसोर्ट, पव वा बार | ५०००/- | ५०००/- | नलाग्ने | २५% | ५०% | ७५% |
| ७. | डान्सबार, मोटल, साउना, ज्याकुजी सेन्टर, स्पा, जिमक्लब, स्वीमिङ्ग पुल, हेल्थ क्लब, नाइट क्लब | ५०००/- | ५०००/- | नलाग्ने | २५% | ५०% | ७५% |
| ८. | कफीसप | २०००/- | २०००/- | नलाग्ने | २५% | ५०% | ७५% |
| ९ | प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका तर नवीकरण हुन नसकेका सि.नं. १ र २ मा उल्लिखित होटेल व्यवसाय संवत् २०८२ पुस मसान्तभित्र नवीकरण गर्न आएमा आर्थिक वर्ष २०८१/०८२ सम्मको नवीकरण शुल्कमा लाग्ने जरिबानाको पचहत्तर प्रतिशत छुट दिई नवीकरण गरिनेछ। | | | | | | |

**<u>द्रष्टव्यः</u>** १. नवीकरण गर्ने म्याद एक वर्ष नाघेमा प्रतिवर्ष शत प्रतिशतका दरले नवीकरण शुल्क लाग्नेछ।

२. आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नवीकरण गर्नुपर्नेछ।

(ख) एजेन्सीको दर्ता (इजाजत) शुल्क तथा नवीकरण शुल्कः

| सि.नं. | एजेन्सीको किसिम | इजाजत शुल्क रु. | नवीकरण शुल्क रु. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | म्यादभित्र | म्याद नाघेको जरिबाना | | | |
| | | | | तीन महिना सम्म | तीन महिना देखि छ महिना सम्म | छ महिना देखि नौ महिना सम्म | नौ महिनादेखि एक वर्षसम्म |
| १. | साहसिक पर्यटन तथा जलयात्रा एजेन्सी | २५०००/- | २५०००/- | नलाग्ने | २५% | ५०% | ७५% |
| २. | ट्रेकिङ्ग एजेन्सी | २५०००/- | २५०००/- | नलाग्ने | २५% | ५०% | ७५% |
| ३. | ट्राभल एजेन्सी | २५०००/- | २५०००/- | नलाग्ने | २५% | ५०% | ७५% |
| ४. | पर्यटक यातायात | २५०००/- | २५०००/- | नलाग्ने | २५% | ५०% | ७५% |
| **द्रष्टव्यः** नवीकरण गर्ने म्याद एक वर्ष नाघेमा प्रति वर्ष शत प्रतिशतका दरले नवीकरण शुल्क लाग्नेछ। | | | | | | | |

(ग) साहसिक पर्यटन एजेन्सीद्वारा सञ्चालन गरिने क्रियाकलापका लागि वार्षिक इजाजत शुल्कः

| सि.नं. | क्रियाकलाप | वार्षिक इजाजत शुल्क रु. |
|---|---|---|
| १. | स्कीइङ्ग | २००००/- |

| | | |
|---|---|---|
| २. | बन्जी जम्प | ३००००/- |
| ३. | जिप फ्लायर | ३००००/- |
| ४. | क्यानोनिङ | ३००००/- |
| ५. | क्यानोपी वाकिङ्ग | १५०००/- |
| ६. | अन्य साहसिक गतिविधि | ४००००/- |

<u>द्रष्टव्यः</u> सि.नं. ६ को हकमा साहसिक गतिविधि/क्रियाकलाप सञ्चालन गर्न निवेदन पर्न आएमा कार्यालय वा प्रदेश सरकारको पर्यटन हेर्ने मन्त्रालयले तोकेको निकायले सञ्चालन गर्न उपयुक्त देखेमा तोकिएको शुल्क लिई सञ्चालन गर्न इजाजत दिन सक्नेछ।

(घ) मनोरञ्जनात्मक पर्यटन व्यवसाय दर्ता तथा नवीकरण शुल्कः-

| सि.नं. | क्रियाकलाप | दर्ता शुल्क रु. | वार्षिक नवीकरण शुल्क रु. |
|---|---|---|---|
| १. | केवलकार प्रति डब्बा | ७०००/- | ३०००/- |
| २. | एम्युज्मेन्ट पार्क वा फन पार्क | २००००/- | ४०००/- |
| ३. | अन्य पार्क | १५०००/- | ३०००/- |
| ४. | चिल्ड्रेन पार्क, सर्कस, फुटसल, पिकनिक स्पट | १००००/- | ३०००/- |

(ङ) <u>पर्यटन पथप्रदर्शकको इजाजत तथा नवीकरण शुल्कः</u>

(अ) इजाजत शुल्कः

| सि.नं. | किसिम | शुल्क रु. |
|---|---|---|
| १. | रिभर गाइड | २०००/- |
| २. | पथ प्रदर्शक/ट्रेकिङ्ग गाइड | २०००/- |
| ३. | ट्रेकिङ्ग पोर्टर गाइड | २०००/- |
| ४. | अन्य गाइड | २०००/- |

(आ) <u>इजाजतपत्र नवीकरण शुल्कः</u>

| सि.नं. | किसिम | नवीकरण शुल्क रु. |
|---|---|---|
| १. | इजाजतको म्याद समाप्त हुनु अगावै | २०००/- |
| २. | म्याद समाप्त भएपछिको तीन महिनासम्म | २५००/- |
| ३. | म्याद समाप्त भएपछिको छ महिनासम्म | ३०००/- |
| ४. | म्याद समाप्त भएपछिको एक वर्षसम्म र प्रति वर्ष थप | ४०००/- |

२. प्रदेश सरकारको स्वामित्वमा रहेका पर्यटकीय स्थलको प्रवेश शुल्कमा प्रति टिकट पाँच प्रतिशतका दरले पर्यटन शुल्क लगाई असुल गरिनेछ।

**आज्ञाले,**

**डिलाराम पन्थी**
**प्रदेश सरकारको सचिव**

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित।
मूल्य रु. १५।-